मितिः२०८३।०४।०३ गतेको कार्यपालिका निर्णयः

<table>
<tr><th>नि.नं.</th><th>प्रस्ताव/ विषय</th><th>निर्णय</th></tr>
<tr><td>१</td><td>बैठकको समिक्षा सम्वन्धमा</td><td>अघिल्लो ८८ औं कार्यपालिकाको निर्णयहरू सोको कार्यान्वयनको अवस्था सम्वन्धमा आवश्यक छलफल र समीक्षा गरियो यस सम्वन्धमा निर्णयहरू कार्यान्वयनमा रहेकोले प्रभावकारी बनाउन नियमित समन्वय र सहजीकरण गर्ने।</td></tr>
<tr><td>२</td><td>दररेट सम्बन्धमा।</td><td>लेटाङ नगरपालिकाको आ.व.२०८३।८४ को वार्षिक दररेट स्विकृत गर्ने।</td></tr>
<tr><td>३</td><td>नगरपालिका प्रशासनीक भवनको डि.पि.आर</td><td>लेटाङ नगरपालिकाको प्रस्तावित नगर प्रशासनीक भवनको डि.पि.आर रिभियू गर्ने र उक्त भवनलाई अधिकतम ३ तल्ला सम्मको डि.पि.आर गर्ने।</td></tr>
<tr><td>४</td><td>इलेक्ट्रेसियन सम्बन्धमा।</td><td>लेटाङ नगरपालिका नगर अस्पताल, नगरपालिका प्रशासनीक भवन, वडा कार्यालय, स्वास्थ्य चौकी, नगरपालिका मातहतका अन्य कार्यालय तथा सडक बत्ती मर्मत सम्भारका लागि जनशक्ती व्यवस्थापन गर्ने।</td></tr>
<tr><td>५</td><td>कार्यबिधि निर्माण तथा संसोधन सम्बन्धमा।</td><td>लेटाङ नगरपालिका देहायको कार्यविधिहरू नयाँ निर्माण तथा केही कार्यविधिहरू संसोधन गर्न आवश्यक देखिएकाले उक्त कार्यका लागि मस्यौदा तयार समितिलाई जिम्मेवारी प्रदान गर्ने।<br><u>देहायः</u>
<table>
<tr><th>क्र.सं.</th><th>कार्यबिधिको नाम</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>दुध उत्पादन कृषकमा अनुदान कार्यबिधि संसोधन</td><td>प्रति लिटरमा रू १ अनुदान प्रदान गर्ने साथै अनुदान प्राप्त गर्नका लागि दुधको उत्पादन सिमा तोक्ने</td></tr>
<tr><td>२</td><td>५०% अनुदानमा प्रविधि हस्तान्तरण कार्यबिधि नयाँ निर्माण</td><td>कोशी प्रदेश सरकारको कार्यबिधि बमोजिम सहज प्रविधि हस्तान्तरण कार्यबिधि नयाँ निर्माण गर्ने</td></tr>
<tr><td>३</td><td>ट्रयाक्टर जोत्दा अनुदान कार्यबिधि नयाँ निर्माण</td><td>घण्टाको रू २०० अनुदान प्राप्त गर्ने गरी कार्यबिधि तयार गर्ने।</td></tr>
<tr><td>४</td><td>निशुल्क एआई सम्बन्धी कार्यबिधि संसोधन</td><td>एआईको लागि छुट्टै जनशक्ती व्यवस्थापन गर्न सकिने गरी कार्यबिधि संसोधन गर्ने।</td></tr>
<tr><td>५</td><td>श्रमिक हितकोष कार्यबिधि संसोधन</td><td>श्रमिकहरूलाई निशुल्क बिमा गरिदिन मिल्ने गरी कार्यबिधि संसोधन गर्ने।</td></tr>
</table></td></tr>
<tr><td>६</td><td>न्यायीक समितिको निर्णय कार्यान्वयन सम्वन्धमा।</td><td>लेटाङ नगरपालिकाको न्यायीक समितिको मिलापत्र सम्बन्धी निर्णय कार्यान्वयनका लागि नगर प्रहरी खटाउने।</td></tr>
<tr><td>७</td><td>नगर अस्पताल सम्वन्धमा।</td><td>लेटाङ नगरपालिकामा निर्माण सम्पन्न भएको नगर अस्पताल उद्घाटनका लागि आवश्यक कार्य सम्पन्न गरी अस्पताल देहायको मितिमा उद्घाटन गर्ने।<br><u>देहायः</u><br>मितिः२०८३।०५।१५ गते</td></tr>
</table>

- मिति:२०८३।०४।०३ गतेको कार्यपालिका निर्णय:

| | | |
|---|---|---|
| ८ | कर्मचारी सम्बन्धमा। | लेटाङ नगरपालिका नगर पशु अस्पतालमा कार्यरत कर्मचारी अधिकृतस्तर छैटौं श्री अडिमर्दन श्रेष्ठको यस कार्यलयमा पटक पटक निशुल्क कृतिम गर्भधानको बिषयमा नगरपालिकाले निशुल्क गर्दा गर्दै नागरिकहरूवाट रकम लिएको गुनासो आएको साथै विगत वर्षहरू देखि निजले गरि आएका काम कार्वाहीहरूमा विवाद आईरहेको हुँदा निजलाई यस कार्यालयमा कामकाज गराई राख्न मानसीव नदेखिएकाले स्थानीय सरकारी सेवा संञ्चालन तथा व्यवस्थापन ऐन, २०८० को दफा २४ को ४ बमोजिम मुख्य मन्त्रि तथा मन्त्रिपरिपदको कार्यालयमा आवश्यक व्यवस्थापनका लागि पठाउने। |